नेपाल सरकार

# कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरवार काठमाण्डौ

## स्टेशनरी तथा छपाई सम्वन्धी सामाग्री खरिद सम्वन्धी सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको विस्तृत सूचना

मिति २०८०/१०/..१४ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार यस मन्त्रालयलाई चालु आ.ब.२०८०/८१ को लागि आवश्यक स्टेशनरी तथा छपाई सम्बन्धी सामाग्रीहरु खरिद गर्नु पर्ने भएकोले इच्छुक, इजाजत प्राप्त फर्म/ कम्पनीहरुले देहायवमोजिमको सर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउ-पत्र पेश गर्नु हुन जानकारी गराईन्छ ।

१. दरभाउ-पत्र फाराम गोरखा-पत्र दैनिकमा प्रकाशित मिति २०८०/१०/..१४. देखि १५ औं दिन कार्यालय समय भित्र ईच्छुक फर्म/कम्पनीले आफ्नो फर्म दर्ता/नविकरण भएको ईजाजत प्रमणपत्र, कर दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि लिखित निवेदन पेश गरी यस मन्त्रालय बाट रु.१०००.०० नगदै तिरी खरिद गर्न सकिनेछ ।

२. बुँदा नं.१ अनुसार जुन फर्मले खरिद गरेको हो सोही फर्मको नामबाट सोह्रौ दिनको अपरान्ह १२.०० वजे सम्म यस मन्त्रालयमा दर्ता गरि सक्नु पर्ने छ ।

३. दरभाउ पत्र सिलवन्दी गरिएको खामको वाहिर यस मन्त्रालयलाइ सम्वोधन गरी आ.ब. २०८०/८१ को स्टेशनरी तथा छपाई सम्वन्धी सिलवन्दी दरभाउ-पत्र भनि प्रष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

४. दरभाउमा कवोल गरेको दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईने छ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिन दिनको २.०० वजे यस मन्त्रालयमा दरभाउ पत्रदाता/आधिकारिक प्रतिनिधीको रोहवरमा खोलिनेछ । उल्लेखित मिति र समयमा दरभाउ-पत्र दाता फर्म/कम्पनीका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ-पत्र खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र जमानत वापत यस मन्त्रालयको कार्यालय कोड नं.३११००३५०१बाट कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरवारको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहरदरवारमा रहेको धरौटी खाता नं.१९६०१००१०२०३०००० मा जम्मा रु.३६०००.०० नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो वराबर मान्यता प्राप्त गरेको वाणिज्य बैंकहरुवाट यस मन्त्रालयको नाममा कम्तीमा) ९० दिन म्याद भई जारी भएको बैंक जमानत पत्र संलग्न हुनु पर्नेछ ।

७. दरभाउ-पत्रदाताको ग्राह्यताको आधारमा तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउ-पत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नुछ । क. फर्म/कम्पनी/संस्थाको ईजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपी ख. स्थायीलेखा नम्वर दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ग.२०७९/८० सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी घ. दरभाउ-पत्र दाता फर्म कम्पनीको आधिकारिक दस्तखत गर्न पाउने अधिकार पत्र ।

८. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ । यस्तो अवस्थामा दरभाउपत्र जमानत र मान्य अवधिको गणना साविककै मितिबाट गरिनेछ ।

९. यसै सूचना बमोजिमका कागजात संलग्न नभएको ,विभिन्न सर्तहरु उल्लेख गरेको ,दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. कुनै वा सबै दरभाउ पत्र, पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा निहित रहनेछ ।

११. माथि उल्लेखित कार्यको सम्झौता अवधि २०८१ असार मसान्त सम्म रहनेछ । स्वीकृत दरभाउ-पत्रदातालाई उक्त अवधि

भित्र दरभाउ पत्र फाराममा उल्लेख भएबमोजिमका समानहरु (आंशिक वा सम्पूर्ण) यस मन्त्रालयको खरिद आदेशका आधारमा नियमित तथा यथा समयमै उपलव्ध गराउनु पर्ने छ । समयमै सामान उपलव्ध हुन नसकि बाहिर वजारबाट खरिद गर्नु परेमा नियमानुसार राखेको धरौटी जमानतबाट व्यवस्थापन गर्नु पर्ने छ । दरभाउ पत्रमा उल्लेख भएका सामानहरु मध्ये कुनै आवश्यक नपरेमा/कम आवश्यक परे/बढि आवश्यक परेमा स्वीकृत भएको दरमै उल्लेखित परिमाणको ५० प्रतिशत सम्म थप घट गरि खरिद गर्न आदेश दिन सकिने छ उक्त अनुसार सामाग्री उपलव्ध गराउनु पर्नेछ ।

१२. दर-भाउ पत्र फारममा उल्लेख भएको सामान आपुर्ती गर्दा मन्त्रालयको भण्डार शाखा सम्म सकार गरेको दरमा दरभाउ-पत्र दाताले उपलव्ध गराउनु पर्नेछ । ढुवानी, विमा लगायत कुनै प्रकारका थप दायित्व मन्त्रालयले व्यहोर्ने छैन ।

१३. दरभाउ पत्र फारममा उल्लेख भएको व्यहोरा वाहेकको व्यवस्थाहरुको हकमा नेपालको प्रचलित कानून अनुसार हुने छ । यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समय भित्र मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखा /आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान मू अ कर सहित | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | MOLIPA01/2080/81 | स्टेशनरी तथा छपाई सम्वन्धी सामाग्री खरिद | रु.१२५९९१६.१० | ३६०००.०० |